मिति:-२०८०/०९/२४

समय:- विहान ११ वजे

स्थान:- आठविसकोट नगर कार्यपालिकाको बैठक कक्ष

आठविसकोट नगरपालिकाको ९० औं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री रवि के.सी. को अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा वस्यो । उक्त बैठकका प्रस्तावहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

| हस्ताक्षर | क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री रवि के.सी. | नगर प्रमुख | |
| | २ | श्री धन कुमारी शाही | नगर उप प्रमुख | |
| | ३ | श्री मणिराज शाह | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| | ४ | श्री देव वहादुर घर्ती | १ नं. वडा अध्यक्ष | |
| | ५ | श्री देव वहादुर यरी | २ नं. वडा अध्यक्ष | |
| | ६ | श्री केशरमान वि.क. | ३ नं. वडा अध्यक्ष | |
| | ७ | श्री नरसिं विष्ट | ४ नं. वडा अध्यक्ष | |
| | ८ | श्री घनश्याम भण्डारी | ५ नं. वडा अध्यक्ष | |
| | ९ | श्री धनेश्वर शर्मा | ६ नं. वडा अध्यक्ष | |
| | १० | श्री अमृत वुढा | ७ नं. वडा अध्यक्ष | |
| | ११ | श्री खकेन्द्र वि.क. | ८ नं. वडा अध्यक्ष | |
| | १२ | श्री जनक वहादुर वटाला | ९ नं. वडा अध्यक्ष | |
| | १३ | श्री गणेश कुमार शाह | १० नं. वडा अध्यक्ष | |
| | १४ | ~~श्री राम वहादुर चन्द~~ [illegible] | ११ नं. ~~वडा कार्या~~. अध्यक्ष | |
| | १५ | श्री खुम्मे कुसारी | १२ नं. वडा अध्यक्ष | |
| | १६ | श्री टेक वहादुर थापा | १३ नं. वडा अध्यक्ष | |
| | १७ | श्री हुकुम वहादुर पुन | १४ नं. वडा अध्यक्ष | |
| | १८ | श्री हिरा थापा | कार्यपालिका सदस्य | |
| | १९ | श्री सेतु थापा | कार्यपालिका सदस्य | |
| | २० | श्री कृष्णा घर्ती | कार्यपालिका सदस्य | |
| | २१ | श्री नन्द कुमारी आग्री | कार्यपालिका सदस्य | |
| | २२ | श्री सदिक्षा मल्ल | कार्यपालिका सदस्य | |
| | २३ | श्री यज्ञ वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | २४ | श्री सर्जने कामी | कार्यपालिका सदस्य | |
| | २५ | रत्ने कामी | कार्यपालिका सदस्य | |

अन्य उपस्थिति:-

| | | | | |
|---|---|---|---|---|
| | १ | श्री मानवहादुर वटाला | प्रशासन सहायक पाँचौ | |
| | २ | श्री टेक वहादुर चन्द | कम्प्युटर अपरेटर | |
| | ३ | श्री राजेश [illegible] | इन्जिनियर | |
| | ४ | श्री तस्वीर परियार | का.स. | |

## १० औं नगर कार्यपालिकाको निर्णयहरु (मिति २०८०/०९/२४ गते)

१. यस आठविसकोट नगरपालिकाको आ.व. २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय तह आर्थिक विकास मूल्याङ्कन (LED) को प्राप्त नतिजालाई स्वीकृत गरियो। साथै अनुमोदनको लागि आगामि नगर सभामा पेश गर्ने निर्णय गरियो।

२. यस आठविसकोट नगरपालिकाको स्वामित्वमा रहेको र अस्थायी आवास निर्माणका सामग्री तथा मान्छेहरु बोकेको रा.१द १४ नम्वरको ट्याक्टर मिति २०८०/०९/०४ गते आठविसकोट नगरपालिका वडा नं १० कोट च्यारीगाउँ खोला नजिक दुर्घटना भइ मृत्यु भएका तपशील बमोजिमका पाँच जना मृतकका घर परिवारलाई ८/८ लाखका दरले राहत प्रदान गर्ने।

| क्र सं | मृतकको नाम | उमेर | ठेगाना | राहत रकम |
|---|---|---|---|---|
| १ | लोक वहादुर शाही | ४७ | आठविसकोट न पा वडा नं १० रुकुम पश्चिम | ८ लाख |
| २ | चुकी कुमारी शाही | ४८ | आठविसकोट न पा वडा नं १० रुकुम पश्चिम | ८ लाख |
| ३ | निरमला सार्की | ५१ | आठविसकोट न पा वडा नं ८ रुकुम पश्चिम | ८ लाख |
| ४ | भद्रे सार्की | ५४ | आठविसकोट न पा वडा नं १० रुकुम पश्चिम | ८ लाख |
| ५ | धनरामे सार्की | ४६ | आठविसकोट न पा वडा नं ८ रुकुम पश्चिम | ८ लाख |

३. यस आठविसकोट नगरपालिकाको स्वामित्वमा रहेको र अस्थायी आवास निर्माणका सामग्री तथा मान्छेहरु बोकेको रा.१द १४ नम्वरको ट्याक्टर मिति २०८०/०९/०४ गते आठविसकोट नगरपालिका वडा नं १० कोट च्यारीगाउँ खोला नजिक दुर्घटना भइ घाइते भएका तपशील बमोजिमका घाइतेहरुको औषधोपचार खर्च नगरपालिकाले व्यहोर्ने।

| क्र सं | घाइतेहरुको नाम | उमेर | ठेगाना |
|---|---|---|---|
| १ | मदन पुन | ४२ | आठविसकोट न पा वडा नं ८ रुकुम पश्चिम |
| २ | जय वहादुर घर्ती | ३८ | आठविसकोट न पा वडा नं ८ रुकुम पश्चिम |
| ३ | दल वहादुर पुन | १४ | आठविसकोट न पा वडा नं ८ रुकुम पश्चिम |
| ४ | महेन्द्र वावु सत्याल | २० | आठविसकोट न पा वडा नं ८ रुकुम पश्चिम |
| ५ | रमा गुरुङ्ग सार्की | ३४ | आठविसकोट न पा वडा नं ८ रुकुम पश्चिम |
| ६ | खड्क वहादुर पुन | ४१ | आठविसकोट न पा वडा नं ८ रुकुम पश्चिम |
| ७ | कुमारो घर्ती | ५६ | आठविसकोट न पा वडा नं ८ रुकुम पश्चिम |
| ८ | रमेश सार्की | ३८ | आठविसकोट न पा वडा नं १० रुकुम पश्चिम |
| ९ | मन वहादुर वस्याल | ५८ | आठविसकोट न पा वडा नं ८ रुकुम पश्चिम |
| १० | जगविर सार्की | ५१ | आठविसकोट न पा वडा नं ८ रुकुम पश्चिम |

४. आठविसकोट नगरपालिकामा संचालित र संचालन हुने व्यापार व्यवसायलाई व्यवस्थित गर्न बनेको **आठविसकोट नगरपालिका व्यापार व्यवसाय (दर्ता संचालन) कार्यविधि २०८०** स्वीकृत गर्ने।

५. आठविसकोट नगरपालिकाद्वारा सञ्चालित आठविसकोट नगर अस्पताल तथा अन्य स्वास्थ्य संस्था व्यवस्थित गर्न स्वास्थ्य सेवा करको दरमा अनुसूची १ बमोजिम संशोधन गरिएकोले आजकै मितिदेखि लागु गर्ने र आगामी नगर सभामा स्वीकृतिका लागि पेश गर्ने।

६. जाजरकोट जिल्लाको रामिडाँडा केन्द्र विन्दु वनाइ मिति २०८०/०७/१७ गते ११:४७ बजे गएको महा भुकम्पका कारण यस आठविसकोट नगरपालिकामा पनि मानविय तथा भौतिक क्षति हुन गएकोले भुकम्प पिडित व्यक्तिहरुको राहत, उद्दार, पुन:स्थापना र भुकम्प तथा विपद्का कारण क्षति भौतिक संरचनाहरुको मर्मत/संभार लगाएतका कार्यमा खर्च गर्न यस आठविसकोट नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षक लगाएतको सेवा सुविधा/तलब १५ दिन बराबरको हुन आउने रकम कट्टी गरी स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने।

७. यस आठविसकोट नगरपालिकाको सडक मर्मत/संभार शिर्षकमा बजेट अपुग भई भुक्तानी हुन बाकी रहेका आयोजनाहरुको भुक्तानी स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाताबाट भुक्तानी दिने।

८. यस आठविसकोट नगरपालिकाको रा. १ द. १४ नम्बरको ट्याक्टरमा भुकम्प पिडित नागरिकहरुको अस्थायी आवास निर्माणको लागि जस्तापाता र अन्य सामाग्री सहित यस नगरपालिकाको वडा नं. ८ को घर्तीगाउँ/नाउला जादै गर्दा आठविसकोट नगरपालिका वडा नं. १० को च्यारीगाउँ खोला नजिक ट्याक्टर दुर्घटनामा परी मृत्यु भएका मृतक परिवारलाई किरिया खर्च, राहत र क्षतिपूर्ति स्वरुप दिइने रकम भुकम्पबाट प्रभावित नागरिकको लागि राहत सामाग्री खरिद तथा वितरण र उद्दार कार्यक्रम शिर्षक नं. ७.२.८. ३० र नगरपालिकाको स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाताबाट भुक्तानि दिने।

९. यस आठविसकोट नगरपालिका भौगोलिक विकटताको कारण शान्ती सुरक्षामा चुनौति रहेकोले आठविसकोट नगरपालिका वडा नं. १४ को बाँकेज्यूला, वडा नं. ११ को चिसापानी, वडा नं. ९ को नयाँ बसपार्क र वडा नं. ६ को त्रिवेणीमा अस्थायी प्रहरी चौकी/प्रहरी विट स्थापनाको लागि गृह मन्त्रालयमा माग गर्ने।

१०. आठविसकोट नगरपालिकामा एक वटा मात्र बैंक रहेको र उक्त बैंकले समयमै सेवा प्रवाह गर्न नसक्दा सेवाग्राही मर्कामा पर्ने गरेको गुनासो पटक-पटक आएकोले थप बैंक स्थापनाको लागि कृषि विकास बैंक लिमिटेड केन्द्रिय कार्यालय काठमाण्डौंमा अनुरोध गर्ने।

११. आठविसकोट टिम्मर कम्पनी र आठविसकोट दुध सहकारी संस्था लिमिटेड बजेट अभावका कारण सञ्चालन हुन नसकेकोले साझेदारीमा सञ्चालनको लागि प्रस्तावना आह्वान गर्ने।

१२. भुकम्पबाट क्षति भएका वस्तीहरुमा घर निर्माण गर्न सहजिकरणको लागि भुकम्प पछिको पुनःनिर्माण सम्बन्धि कार्यविधि, २०८० तयार गर्ने।

१३. आठविसकोट नगरपालिका वडा नं. १ मा रहेको रोकाजा ओख्ले सडक र वडा नं. १ को वडा कार्यालय फिल्ड निर्माण गर्ने।

१४. मिति २०८०/०७/१७ गते राति ११:४७ बजे जाजरकोट जिल्लाको रामिडाँडालाई केन्द्रविन्दु बनाएर गएको ६.४ रेक्टर स्केलको विनासकारी भुकम्पबाट प्रभावित यस आठविसकोट नगरपालिका तथा नगरबासी नागरिकहरुलाई राहत तथा उद्दार कार्यमा सहयोग गर्ने संघीय सरकार, प्रदेश सरकार, विभिन्न दातृ निकाय,

विभिन्न संघ/संस्था, राजनैतिक दल, [illegible] सम्बद्ध सबैलाई यस आठविसकोट नगरपालिका नगर कार्यपालिका धन्यवाद ज्ञापन गर्दछ । साथै पुनःनिर्माण कार्यमा सहयोगको लागि सम्बद्ध सरोकारवाला सम्पूर्णमा हार्दिक अपिल गर्दछ ।

१५. भुकम्प पिडितहरुको विवरण संकलनमा छुट हुन गएका भुकम्प पिडितहरुको तथ्यांक मिति २०८०/०९/२९ गतेसम्म सबै वडा कार्यालयहरुले भुकम्प पिडितहरुको सम्पूर्ण विवरण सहितको कागजात नगरपालिकामा पेश गर्ने ।

१६. नगर प्रहरी विट छेपारेको भवन निर्माणको लागि आठविसकोट नगरपालिका वडा नं. १४ को छेपारेमा मूख्य सडकसंग जोडिएको जग्गा खरिदको प्रक्रिया अगाडि वढाउने ।

१७. मिति २०८०/०७/१७ गते राति ११:४७ बजे जाजरकोट जिल्लाको रामिडाँडालाई केन्द्रविन्दु बनाएर गएको ६.४ रेक्टर स्केलको विनासकारी भुकम्पबाट प्रभावित यस आठविसकोट नगरपालिकामा राहत तथा पुनःनिर्माण कार्यमा सहयोगको लागि आउने विभिन्न दातृ निकाय, संघ/संस्था तथा सम्बद्ध सरोकारवाला सम्पूर्णलाई सहजिकरणको लागि यस आठविसकोट नगरपालिकाका एम.आइ.एस. अपरेटर श्री मानवहादुर वटालालाई सम्पर्क व्यक्ति(Focal Person) तोक्ने ।

१८. यस आठविसकोट नगरपालिकालाई प्राप्त हुने गरी संघीय समपूरक अनुदान, संघीय विशेष अनुदान, प्रदेश समपूरक अनुदान र प्रदेश विशेष अनुदान अन्तर्गत तपसिल बमोजिमका आयोजनाहरु छनौट गर्ने ।

क) संघीय समपूरक आयोजना

| क्र.सं. | आयोजनाको नाम, ठेगाना | कैफियत |
|---|---|---|
| १ | श्री आदर्श मा.वि. ज्यामिरकोट, ८ कोठे भवन निर्माण, आ.न.पा. १४ | |
| २ | श्री जनजागरण मा.वि.गाउँबारी, ८ कोठे भवन निर्माण, आ.न.पा. १३ | |
| ३ | श्री नेपाल राष्ट्रिय मा.वि.गत्तसैना, ८ कोठे भवन निर्माण, आ.न.पा. ११ | |
| ४ | श्री जनविकास आ.वि.ठूलीबार्खु, ८ कोठे भवन निर्माण, आ.न.पा. १२ | |
| ५ | श्री कालिका मा.वि.सुन्दरपानी, ८ कोठे भवन निर्माण, आ.न.पा. ९ | |
| ६ | श्री हिमालय मा.वि.दाजे, ८ कोठे भवन निर्माण, आ.न.पा. ८ | |
| ७ | श्री जनज्योती आ.वि.डाँफे, ८ कोठे भवन निर्माण, आ.न.पा. ७ | |
| ८ | खदी, पाटागाउँ हुदै रग्दा सडक निर्माण आ.न.पा. ३, रुकुम (पश्चिम) | |

ख) संघीय विशेष आयोजना

| क्र.सं. | आयोजनाको नाम, ठेगाना | कैफियत |
|---|---|---|
| १ | वडा नं. ३ को वडा कार्यालय भवन निर्माण | |
| २ | वडा न. ४ को वडा कार्यालय भवन निर्माण | |
| ३ | वडा नं. ६ को वडा कार्यालय भवन निर्माण | |
| ४ | वडा नं. ८ को वडा कार्यालय भवन निर्माण | |

२०८०।०९।२८

| | | |
|---|---|---|
| ५ | वडा नं. ९ को वडा कार्यालय भवन निर्माण | |

ग) प्रदेश समपूरक आयोजना

| क्र.सं. | आयोजनाको नाम, ठेगाना | कैफियत |
|---|---|---|
| १ | श्री महादेव आ.वि. रोकाजा, ८ कोठे भवन निर्माण, आ.न.पा. १ | |
| २ | श्री नविन आ.वि. पहाडा, ८ कोठे भवन निर्माण, आ.न.पा. २ | |
| ३ | श्री गोरखनाथ आ.वि.पाटागाउँ, ८ कोठे भवन निर्माण, आ.न.पा. ३ | |
| ४ | श्री सरस्वती मा.वि.मिग्री, ८ कोठे भवन निर्माण, आ.न.पा. ५ | |
| ५ | श्री ज्ञानोदय मा.वि. चौतारा, ८ कोठे भवन निर्माण, आ.न.पा. ४ | |
| ६ | श्री सूर्योदय मा.वि. होली, ८ कोठे भवन निर्माण, आ.न.पा. ६ | |
| ७ | साझेबगर, पहाडा हुदै काँडादह सडक निर्माण, आ.न.पा. २ | |

घ) प्रदेश विशेष आयोजना

| क्र.सं. | आयोजनाको नाम, ठेगाना | कैफियत |
|---|---|---|
| १ | वडा नं. ५ को वडा कार्यालय भवन निर्माण | |
| २ | वडा नं. १० को वडा कार्यालय भवन निर्माण | |
| ३ | वडा नं. १२ को वडा कार्यालय भवन निर्माण | |
| ४ | वडा नं. ११ को वडा कार्यालय भवन निर्माण | |
| ५ | वडा नं. १४ को वडा कार्यालय भवन निर्माण | |

१९. यस आठविसकोट नगरपालिकाको १५ औं नगर सभा मिति २०८०/१०/०७ गते विहान ११ बजेदेखि आठविसकोट नगरपालिका नगर सभा हलमा हुने।

२०. आठविसकोट नगरपालिका वडा नं. ५ को झिम्रीखोला खानेपानी आयोजनाको खानेपानी हेरालो श्री सरजन थापाको आ.व. २०७९/०८० को तलव भत्ता वापतको रु ७३७३०।–(त्रिहत्तर हजार सात सय तिस) भुक्तानी हुन बाँकी रहेको रकम भुक्तानी दिने।

२१. मिति २०८०/०७/१७ गते राति ११:४७ बजे जाजरकोट जिल्लाको रामिडाँडालाई केन्द्रविन्दु बनाएर गएको ६.४ रेक्टर स्केलको विनासकारी भुकम्पबाट प्रभावित यस आठविसकोट नगरपालिकाका वडाहरुमा राहत सामाग्री ढुवानीमा भएको खर्चको तपसिल बमोजिम रकम भुक्तानी दिने।

| वडा/नगरपालिका | रुकम | कैफियत |
|---|---|---|
| नगरपालिका | ६ लाख ५० हजार | |
| वडा नं. १ | २ लाख ५० हजार | |
| वडा नं. २ | १ लाख | |
| वडा नं. ३ | १ लाख ७५ हजार | |

| | | |
|---|---|---|
| वडा नं. ४ | ७५ हजार | |
| वडा नं. ५ | ७५ हजार | |
| वडा नं. ६ | ७५ हजार | |
| वडा नं. ७ | ४० हजार. | |
| वडा नं. ८ | ४० हजार | |
| वडा नं. ९ | ५० हजार | |
| वडा नं. १० | ५० हजार | |
| वडा नं. ११ | २ लाख ५० हजार | |
| वडा नं. १२ | २ लाख | |
| वडा नं. १३ | ३ लाख २५ हजार | |
| वडा नं. १४ | ३ लाख ५० हजार | |